# प्रभाव दैनिक
National Daily

ई-पेपरका लागि

वर्ष ९ | अंक १६५ | काठमाडौं | बुधबार, २६ असोज २०७९ | Prabhab National Daily, | Wednesday, October 12, 2022 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५ |-


सरकारी कर्मचारी र शिक्षकलाई आयोगको चेतावनी

## प्रचारप्रसारमा संलग्न भए कारबाही

■ प्रभाव संवाददाता

**काठमाडौं–** निर्वाचन आयोगले सरकारी कर्मचारी तथा सार्वजनिक संस्थामा कार्यरत कर्मचारी र शिक्षकहरूलाई राजनीतिक दल र उम्मेदवारका पक्ष वा विपक्षमा प्रचारप्रसार नगर्न चेतावनी दिएको छ । आयोगले मंगलबार एक विज्ञप्ति जारी गरी त्यस्तो कार्य गर्ने

> प्रचारप्रसारमा संलग्न कर्मचारी तथा शिक्षकले उम्मेदवारसँग तस्बिर खिचाइ बधाई र शुभकामना दिने, राजनीतिक दल र उम्मेदवारहरूका प्रचार सामग्री सामाजिक सञ्जालमा सेयर र लाइक गर्ने गरेका घटनाहरु अनुगमनका क्रममा पाइएको आयोगको भनाइ ।

कर्मचारी र शिक्षकमाथि कारबाही गरिने भन्दै सचेत गराएको हो ।

निर्वाचन आचारसंहिता, २०७९ को प्रतिकूल हुनेगरी कतिपय सरकारी कर्मचारी तथा सार्वजनिक संस्थामा कार्यरत कर्मचारी र शिक्षकहरूले राजनीतिक दल र उम्मेदवारका पक्ष वा विपक्षमा प्रचारप्रसारमा संलग्न भएको पाइएपछि कारबाही प्रारम्भ गरेको आयोगले जनाएको छ ।

त्यसरी प्रचारप्रसारमा संलग्न कर्मचारी तथा शिक्षकले उम्मेदवारसँग तस्बिर खिचाइ बधाई र शुभकामना दिने, राजनीतिक दल र उम्मेदवार हरूका प्रचार सामग्री सामाजिक सञ्जालमा सेयर र लाइक गर्ने गरेका घटनाहरू अनुगमनका क्रममा पाइएको आयोगले जनाएको छ ।

निर्वाचन आयोग ऐन, २०७३ को दफा २३ बमोजिम आचारसंहिताको अनुगमन र कारबाहीको प्रबन्ध रहेको छ । आयोगले त्यस्ता कर्मचारीलाई स्पष्टीकरणको मौका दिई दोषी देखिएमा सचेत, विभागीय कारबाही वा निलम्बनसम्मको कारबाहीका लागि सम्बन्धित निकायलाई आदेश दिनसक्ने उक्त दफामा उल्लेख छ ।

आयोगका अनुसार आगामी मंसिर ४ गते हुने (बाँकी पृष्ठ ७ मा)

# कतै उम्मेदवारी, कतै उजुरी खारेज

### नागरिक उन्मुक्ति पार्टीबाट उम्मेदवारी दिएका रेशम चौधरी र लक्ष्मण थारूको उम्मेदवारी तथा प्रधानमन्त्री शेरबहादुर देउवाविरुद्ध परेको उजुरी खारेज

■ प्रभाव संवाददाता

**काठमाडौं–** आगामी मंसिर ४ गते हुने प्रदेश तथा प्रतिनिधिसभा सदस्य निर्वाचनको कार्यतालिका अनुसार मंगलबार मनोनयनपत्र र मनोनयनविरुद्ध परेका उजुरीमाथि जाँचबुझ गर्ने कार्यक्रम थियो । सोहीअनुसार कतै उम्मेदवारी खारेज भएको छ भने कतै उम्मेदवारी मनोनयनविरुद्ध परेका उजुरी खारेज भएको छ ।

निर्वाचन आयोगका अनुसार प्रधानमन्त्री तथा नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवाको उम्मेदवारीविरुद्ध परेको उजुरी खारेज गरिएको छ । मुख्य निर्वाचन अधिकृतको कार्यालयले मंगलबार देउवाविरुद्धको उजुरी खारेज गरेको जानकारी दिएको हो । नागरिकता र मतदाता नामावलीमा जन्म मिति फरक-फरक रहेको भन्दै सोमबार कर्ण मल्लले देउवाविरुद्ध उजुरी दर्ता गरेका थिए । कुनै बेला देउवाका सहयोगी रहेका मल्लले यसपटक नेपाली कांग्रेस बिपीको तर्फबाट देउवाकै क्षेत्रबाट प्रतिनिधिसभा सदस्यका लागि उम्मेदवारी दिएका छन् । उनलाई नेकपा एमालेले समर्थन गरेको छ ।

नागरिकतामा देउवाको जन्म मिति वि.सं. २००३ साल जेठ ३१ गते र मतदाता नामावलीमा जन्म मिति २००२ साल जेठ ३१ गते रहेको थियो । मतदाता परिचयपत्रमा भएको जन्म मितिमा 'प्रिन्ट मिस्टेक' भएको भन्दै मंगलबार देउवाको तर्फबाट जवाफ पेस गरिएको थियो । त्यसपछि आयोगको व्यवस्था अनुसार उजुरी खारेज गरिएको डडेलधुराका मुख्य निर्वाचन अधिकृत बालकृष्ण वाग्लेले जानकारी दिए ।



रेशम चौधरी



लक्ष्मण थारु

यता, नागरिक उन्मुक्ति पार्टीको तर्फबाट उम्मेदवारी दिएका रेशम चौधरी र लक्ष्मण थारुको भने उम्मेदवारी खारेज भएको छ । २०७२ सालमा कैलालीको टीकापुरमा भएको हिंसात्मक घटनामा दोषी ठहर भएर कैद भुक्तान गरिरहेका चौधरीको उम्मेदवारी खारेज भएको हो । नागरिक उन्मुक्ति पार्टीको तर्फबाट बर्दिया-२ बाट प्रतिनिधिसभामा उम्मेदवारी दिएका चौधरीको उम्मेदवारी खारेज भएको मुख्य निर्वाचन अधिकृतको कार्यालयले जनाएको छ ।

२०७४ सालको प्रतिनिधिसभा निर्वाचनमा उनी कैलाली-१ बाट उम्मेदवारी दिएर निर्वाचित भएका थिए । जिल्ला र उच्च अदालतले दोषी ठहर गरेका चौधरीले डिल्लीबजार कारागारमा बसेर आफूमाथिको फैसलाविरुद्ध सर्वोच्च अदालतमा पुनरवेदन गरेका छन् । जुन मुद्दा अहिले विचाराधीन छ ।

यस्तै, कैलाली-५ बाट प्रतिनिधिसभा सदस्यका लागि उम्मेदवारी दिएका थारुको पनि उम्मेदवारी खारेज भएको छ । थारुलाई उच्च अदालत दिपायलले कर्तव्य ज्यान मुद्दामा दोषी ठहर गरी जन्मकैद तथा ज्यान मार्ने उद्योगमा थप पाँच वर्ष कैद सजाय सुनाएको थियो । सो सजाय पूरा नभएको र कारावासमासमेत नरहेको पाइएको ठहर गर्दै मुख्य निर्वाचन अधिकृतको कार्यालय धनगढीले उनको उम्मेदवारी रद्द गर्ने निर्णय गरेको हो ।

मुख्य निर्वाचन अधिकृत ओमप्रसाद अर्यालले गरेको निर्णयमा भनिएको छ, '२०७७ कात्तिक १९ गते उच्च अदालत दिपायलले गरेको फैसला अनुसार लक्ष्मण थारुले अझै २१ वर्ष कैद भुक्तान गर्नुपर्ने देखियो । निजले सर्वोच्च अदालतमा पुनरवेदन गरेको भए पनि उनी अदालतमै उपस्थित नभएका कारण प्रतिनिधिसभा तथा प्रदेशसभा निर्वाचन २०७९ को दफा ३१ (६) बमोजिम उनको उम्मेदवारी खारेज गरिन्छ ।'

नाबालकसहित राष्ट्र सेवक (बाँकी पृष्ठ ३ मा)

सन्दर्भ : वैदेशिक रोजगार

## 'फ्रि भिसा, फ्रि टिकट' कार्यान्वयन विज्ञप्तिमा सीमित

■ मोहनप्रसाद पन्त

**काठमाडौं–** सरकारले मलेसियासहित खाडी मुलुकमा वैदेशिक रोजगारीमा जाने नेपाली श्रमिकहरूका लागि २०७२ सालबाट 'फ्रि भिसा, फ्रि टिकट'को व्यवस्था लागू गरेको थियो । झण्डै एक दशक बित्न लाग्दासम्म उक्त व्यवस्था कार्यान्वयनमा सरकार चुकेको देखिन्छ । यो व्यवस्था कार्यान्वयनका लागि सरकारले पटक-पटक विज्ञप्ति जारी गर्दै आएको छ ।

श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयअन्तर्गतको वैदेशिक रोजगार विभागले सोमबार पुनः विज्ञप्ति जारी गर्दै फ्रि भिसा, फ्रि टिकट र फ्रि स्वास्थ्य परीक्षण तथा कुनै प्रकारका सेवा शु:ल्क नलाग्ने 'शून्य लागत'मा कामदार छनोट गर्ने विवरण खुलाई म्यानपावर कम्पनीहरूले विज्ञापन गरे पनि व्यवहारमा चर्को रकम असुल्ने गरेको कुरा सञ्चारमाध्यममा आएको भन्दै गम्भीर ध्यानाकर्षण भएको जनाएको छ । विज्ञप्तिमा विभागबाट पूर्वस्वीकृति लिई कामदार छनोटका लागि प्रकाशित गरिएको सूचनामा उल्लिखित सर्तहरूका आधारमा कामदार छनोट गरी रोजगारीमा पठाउन म्यानपावर कम्पनीहरूलाई सूचित गरिएको छ । अन्यथा भएमा वैदेशिक रोजगार ऐन, २०६४ तथा नियमावली, २०६४ बमोजिम कारबाही हुने जनाइएको छ ।

यसबाहेक विभागले फ्रि भिसा, फ्रि टिकटको व्यवस्था प्रभावकारी कार्यान्वयन नगरे विकल्पमा के गर्न सकिन्छ भन्ने केही उल्लेख गरेको छैन । सरकारले झण्डै एक दशकको अवधिमा विज्ञप्ति निकाल्नुबाहेक प्रभावकारी नियमन तथा कार्यान्वयनमा कडाइ गर्न सकेको छैन । म्यानपावर कम्पनीहरूले कागजी प्रक्रिया पूरा गरेकै आधारमा विभाग चुप बस्नु र अनधिकृतरूपमा रकम असुल्ने गरेको जनगुनासो तथा सञ्चारमाध्यममा समाचार आएपछि ध्यानाकर्षण भएको विज्ञप्ति निकाल्नुमात्रै सरकारले आफ्नो दायित्व ठानेको देखिन्छ । नेपाल सरकारबाट वैदेशिक रोजगारीका लागि खुला गरिएका श्रम गन्तव्य मुलुकहरूमध्ये मलेसिया तथा खाडी मुलुकमा कामदार पठाउँदा रोजगारदाताले नै उनीहरूको फ्रि भिसा, फ्रि टिकटलगायत




> विभागबाट पूर्वस्वीकृति लिई कामदार छनोटका लागि प्रकाशित गरिएको सूचनामा उल्लिखित सर्तहरूका आधारमा कामदार छनोट गरी रोजगारीमा पठाउन म्यानपावर कम्पनीहरूलाई सूचित गरिएको छ ।

अन्य सेवा शु:ल्क व्यहोर्नुपर्ने स्पष्ट कानुनी व्यवस्था गरेको छ । तर, यसको प्रभावकारी कार्यान्वयनमा चुकेको विभागकै कतिपय अधिकारीहरू स्वीकार गर्छन् । विभागले प्रभावकारी अनुगमन नगर्दा कामदार ठगिने क्रम नरोकिएको पीडितहरूको गुनासो छ ।

फ्रि भिसा, फ्रि टिकटको नियम लागू भएका मुलुकमा जाने नेपाली कामदारसँग अनधिकृतरूपमा रकम असुल्ने गरेको गुनासा तथा उजुरी र सञ्चारमाध्यममा प्रकाशित सामग्रीलाई आधार मानेर उल्लिखित गतिविधि नगर्न इजाजतपत्र प्राप्त संस्थाहरूलाई विज्ञप्तिमार्फत सूचित गरिएको विभागका निर्देशक एवं सूचना अधिकारी कृष्णप्रसाद भुसालले जानकारी दिए । उनले सम्बन्धित मुलुकबाट कामदारको माग ल्याउने म्यानपावर कम्पनीहरूमा अनुगमन भइरहेको पनि बताए । यदि, कसैले अनधिकृतरूपमा कामदारसँग रकम असुलेको प्रमाण भेटिए कडा कारबाही गरिने भुसालले बताए ।

अनुगमनको सिलसिला जारी रहेको भन्दै अब फरक ढंगले अनुगमन गरिने उनको भनाइ छ । 'अब अनुगमनमा नयाँ शैली अपनाइनेछ,' भुसालले भने, 'अनुगमन भन्नेबित्तिकै सबैलाई निरुत्साहित गर्नुपर्छ भन्ने छैन, राम्रा काम गर्नेलाई प्रोत्साहन गर्ने, खराब गतिविधि गरेको पाइए सुधार गर्न लगाउने वा सचेत गराउने हो, अनुगमनको अर्थ सबैलाई तर्साउने भन्ने हुँदैन ।' म्यानपावर क्षेत्रमा बेथिति रहेको भन्दै भुसालले यसलाई एकैचोटी ट्र्याकमा ल्याउन नसकिने बताए । तर, यसलाई बिस्तारै सही ठाउँमा ल्याउने उनको भनाइ छ ।

सरकारले फ्रि भिसा, फ्रि टिकटसम्बन्धी कानुन बनाए पनि अनुगमन तथा कार्यान्वयनमा कडाइ गर्न नसक्दा त्यसको फाइदा म्यानपावर व्यवसायीहरूले उठाइरहेको सरोकारवालाहरूले आरोप लगाउँदै आएका छन् । तर ,व्यवसायीहरूले यस्तो व्यवस्थाको लागू भएदेखि नै विरोध गर्दै आइरहेका छन् ।

सरकारले २०७२ सालदेखि मलेसिया, कतार, साउदी अरेबिया, संयुक्त अरब इमिरेट्स (युएई), कुवेत, बहराइन र ओमनमा रोजगारीका लागि जाने कामदारहरूलाई आर्थिक भार नपर्ने गरी भिसा, हवाई टिकट तथा अन्य सेवा शु:ल्क रोजगारदाताले नै व्यहोर्नुपर्ने नीति ल्याएको थियो ।



आमचोक गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
वालंखा, भोजपुर, प्रदेश नं. १, नेपाल

जनहितमा जारी सन्देश




सुरक्षित रहौं
रोकथाम गरौं
नियन्त्रण गरौं

डेंगी रोग डेंगी भाइरसबाट संक्रमित एडिज जातको लामखुट्टेको टोकाइबाट मात्र सर्दछ ।





थोरै मात्र पानी जम्मा भएको भाँडामा पनि यो लामखुट्टेले फुल पार्दछ र यसको वृद्धि विकास हुन्छ ।

डेंगीको लक्षणहरुः उच्च ज्वरो आउनु, जोर्नी र मांशपेशीहरु, आँखाको गेडी र टाउको बेस्सरी दुख्नु, शरीरमा राता बिमिराहरु आउनु, वाकवाकी लाग्नु वा वान्ता हुनु आदी हुन् ।



डेंगीबाट बच्ने उपायहरु

एडिज जातको लामखुट्टेले दिनको समयमा टोक्दछ । त्यसमाथि पनि बिहान र साँझको समयमा टोक्ने सम्भावना बढी भएकोले सो समयमा थप सचेत हुने ।





आफ्नो घर वरिपरि, कार्यस्थल र सार्वजनिक ठाँउहरुमा पानी जम्न नदिने । पानी राख्ने भाँडालाई लामखुट्टे नछिर्ने गरि राम्ररी छोपेर राख्ने ।



दिउँसो पनि लामखुट्टे भगाउने धूप बाल्ने र लामखुट्टेको टोकाईबाट बच्ने मलम लगाउने ।

घरको झ्याल ढोकामा लामखुट्टे नछिर्ने जाली हाल्ने ।



बिहान, दिउँसो, राती जुनसुकै बेला भुल लगाएर मात्र सुत्ने ।





पूरे शरिर ढाक्ने लुगा लगाउने ।

लामखुट्टेले फुल पार्न सक्ने संभावित घर भित्र र वरपरका पानी जमेको ठाँउहरु र पानी राख्ने भाडाँहरु खोजी खोजी सफा गरौं र लामखुट्टेको फुल नष्ट गरौं ।

# प्रतिनिधिसभामा ५७ दलको उम्मेदवारी

■ प्रभाव संवाददाता

**काठमाडौं–** आगामी मंसिर ४ गते हुने प्रतिनिधिसभा निर्वाचनका लागि प्रत्यक्षतर्फ ५७ राजनीतिक दलले उम्मेदवारी दर्ता गराएका छन् । ती दलले एक हजार ४३३ पुरुष र १५० महिला उम्मेदवार उठाएका छन् ।

निर्वाचन आयोगले सार्वजनिक गरेको तथ्यांकअनुसार ८५८ पुरुष र ८५ महिला गरी ९४३ जनाले स्वतन्त्र उम्मेदवारी दर्ता गराएका छन् । प्रतिनिधिसभा सदस्यका लागि पहिलो हुने निर्वाचित हुने प्रणाली (प्रत्यक्ष) तर्फ दुई हजार २९१ पुरुष र २३५ महिला गरी दुई हजार पाँच सय ३० जनाको उम्मेदवारी परेको छ ।


प्रत्यक्षतर्फ प्रदेश १ मा ५४८ जनाले उम्मेदवारी दिएका छन् । उक्त प्रदेशमा ४९३ पुरुष र ५५ महिलाले उम्मेदवारी दिएको निर्वाचन आयोगले जनाएको छ । प्रदेश १ मा ३० दल र स्वतन्त्रले उम्मेदवारी दिएको जनाइएको छ । मधेस प्रदेशमा प्रत्यक्षतर्फ एक हजार ५५ जनाको उम्मेदवारी परेको छ । यस प्रदेशमा ९७८ पुरुष, ७६ महिला र अन्यमा एक जनाले उम्मेदवारी दिएका छन् । मधेस प्रदेशमा ३७ दल र स्वतन्त्रले उम्मेदवारी दिएका छन् ।

बागमती प्रदेशमा ३२ दल र स्वतन्त्रले गरी प्रत्यक्षतर्फ ७०१ जनाको उम्मेदवारी परेको छ । जसमा पुरुष ६१९ र महिला ८२ छन् । गण्डकी प्रदेशमा २३ दल र स्वतन्त्र गरी प्रत्यक्षतर्फ २७१ जनाको उम्मेदवारी परेको छ । जसमा पुरुष २३७ र महिला ३४ जना छन् ।

लुम्बिनी प्रदेशमा प्रत्यक्षतर्फ २५ राजनीतिक दल र स्वतन्त्र गरी ५३२ जनाको उम्मेदवारी परेको छ । उम्मेदवारी दिनेमा ५०० पुरुष र ३२ महिला छन् । कर्णाली प्रदेशमा प्रत्यक्षतर्फ १६ राजनीतिक दल र स्वतन्त्र गरी १४३ जनाको उम्मेदवारी परेको छ । जसमा १३९ पुरुष र चार महिलाको उम्मेदवारी रहेको आयोगले जनाएको छ ।

यसैगरी सुदूरपश्चिम प्रदेशमा प्रत्यक्षतर्फ २० राजनीतिक दल र स्वतन्त्र गरी २२६ जनाको उम्मेदवारी परेको छ । जसमा २१२ पुरुष र १४ महिलाको उम्मेदवारी परेको जनाइएको छ ।

# भक्तपुरमा तयार हुँदै छ तिहारको पाला



**भादगाउँ–** हिन्दूहरूको दोस्रो ठूलो पर्व तिहार नजिक आउँदै छ । बजारमा तिहारका लागि आवश्यक पालाको माग बढेसँगै भक्तपुरका कुमाले समुदायलाई यतिखेर पाला बनाउने, सुकाउने, पोलेर पूरा तयार गरी बजार पठाउन भ्याइनभ्याइ भएको छ । 'तिहार आउन अझै दुई साता बाँकी छ । मागअनुसारको पाला एक हप्ताभित्र पठाउनुपर्छ,' भक्तपुर तालाक्वकी गंगालक्ष्मी प्रजापतिले भनिन् ।

तिहार नजिकिएसँगै तालक्वका कुमाले समुदायको दिनचर्या नै पाला तयार गर्नेमै बित्ने गरेको गंगालक्ष्मी बताउँछिन् । तिहारमा पालाको माग अत्यधिकमात्रामा उच्च हुने भएकाले यो समय कुमालेले अन्य भाँडा बनाउने कामलाई थाँती राखेका छन् । तिहारमा लक्ष्मी पूजाका लागि बाहिरी जिल्लाबाट माग आउने भएकाले अन्य भाँडा बनाउने कामलाई थाती राखेको गंगालक्ष्मीले बताइन् ।

'बिहान ५ बजेदेखि अघिल्लो दिन नै तयार गरी राखेको माटोले पाला बनाउने, सुकाउने, रातो माटोको रङ लगाउने र सुकिसकेको पालालाई पोलेर तयार गरी मागअनुसार बजार पठाउने काममा दिन बित्छ । अहिले अन्य भाँडाकुँडा बनाउने समय छैन,' गंगालक्ष्मीले भनिन् ।

अहिले भक्तपुरका तालक्वका प्रजापति मात्र होइन सुजमारी, लिवाली, तुमुचो, च्यास्हासिंह, सूर्यविनायक र चुनदेवीका कुमालेसमेत अन्य भाँडा बनाउने कार्यलाई थाती राख्दै पाला बनाउने कार्यमा तल्लीन छन् । तिहारमा धनकी देवी लक्ष्मीको पूजा गर्ने पर्व भएकाले लक्ष्मीलाई घरमा भित्र्याउन तिहारमा पालामा दियो बाल्ने परम्परा रहेको छ । तिहारको लक्ष्मी पूजाको दिन दिपावली गर्न घरको दैलो, झ्याल ढोका, कौशी, बरण्डालगायतका स्थानमा पालाको दियो बाली झिलीमिली पार्ने परम्परा रहेको छ ।

पछिल्लो समय तिहारमा पालासँगै बत्ती बाल्न विद्युतीय बत्तीको मागसमेत उच्च छ । तिहारमा बिजुलीका रंगीचंगी बत्ती बालेर झिलीमिली पार्ने गरे पनि अनिवार्यरूपमा दियो पनि बाल्नुपर्ने परम्परा भएकाले तिहारमा बर्सेनि पालाको माग बढ्ने गरेको अर्का व्यवसायी रामप्रसाद प्रजापति बताउँछन् । उनले केही वर्ष पहिले मैनबत्ती बाल्ने प्रचलन देखिए पनि दियो जस्तो सुरक्षित नभएपछि पालाको माग बढेको जानकारी दिए । 'विभिन्न आधुनिक विद्युतीय झिलिमिली बत्ती र मैनबत्तीको दाँजोमा सुरक्षाको दृष्टिकोणले पालालाई अत्यन्तै राम्रो र उत्तम मानिने भएकाले बजारमा यसको माग बढेको हो,' रामप्रसादले भने ।

कुमाले टोलमा तयार गरिएका पाला होलसेल व्यापारीलाई बिक्री गरिन्छ । होलसेल व्यापारीले पालाको साइजअनुसार ठूलो सानो हेरी मूल्य निर्धारण गरेर त्यसमा केही मुनाफा खाएर काठमाडौं उपत्यकाका विभिन्न स्थानका खुद्रा बिक्रेतामार्फत उपभोक्तामाझ पुऱ्याउने गरेको रामप्रसादले बताए । भक्तपुरको कुमाले टोलमा तयार गरेको पाला काभ्रेको बनेपा, धुलिखेल, पनौती, नुवाकोटको त्रिशूलीका साथै पोखरा, हेटौंडा, चितवनका व्यापारीले पनि लिन आउने गरेको रामप्रसादले बताए । *रासस*


## कतारमा वैदेशिक रोजगारको अवसर

कम्पनी : VAPIANO

पूर्व स्वीकृति मिति : २०७९/०६/२४ LT. No. 273258 चलानी नं.६०१८८८९२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलब QR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Driver | 1 | 0 | 1700 | ६१,३०५ | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |
| 2 | General Clean Worker | 3 | 1 | 1000 | ३६,०६० | | | | | | | |
| 3 | Waiter | 1 | 1 | 1400 | ५०,४८५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०७९ कार्तिक २ गते (19th Oct. 2022) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था:** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क:** नि:शुल्क/-

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**White Horse International Pvt. Ltd.** Govt. License 966/067/68

New Baneshwor, Kathmandu, Nepal, Tel No: +977-1-4791108, 4792040, E-mail: wh.adm77487@gmail.com

## युएईमा वैदेशिक रोजगारको अवसर

कम्पनी : L S P M K TECHNICAL SERVICES L.L.C.

पूर्व स्वीकृति मिति २०७९/०६/०२ LT. No. 272208 चलानी नं. ६०१८८९३३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलब AED | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Ordinary Labourer | 50 | 0 | 1000 | ३५,८७० | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान र मिति:
बुटवल, रुपन्देही -(Meridian Hotel ) २०७९ कार्तिक ४ गते (21st Oct. 2022) मा हुनेछ ।
काठमाण्डौं -( Manpower Head Office) २०७९ कार्तिक ५ र ६ गते (22/23 Oct. 2022) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले | दिने | रोजगारदाता कम्पनीले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था:** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क:** नि:शुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**BHAIRAB INTERNATIONAL SERVICE PVT. LTD.** श्रम ईजाजत नं. ३०७/०५९/६०

Sinamangal-9, Kathmandu, Nepal. Tel: + 977-1-4110906/ 14110913, Email: service.bhairabintl@gmail.com

## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : NATIONAL FOOD COMPANY FOR SERVING MEALS

पूर्व स्वीकृति मिति २०७९/०३/१० पुन विज्ञापन स्वीकृति मिति २०७९/०६/२५ LT. No. 265846 चलानी नं. ६०१८१६८४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलब SR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factor | 11 | 0 | 1000 | ३४,९३० | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |

कम्पनी : FOOD TREE FOUNDATION TO SERVE MEALS

पूर्व स्वीकृति मिति २०७८/१२/२० पुन विज्ञापन स्वीकृति मिति २०७९/०६/२५ LT. No. 260734 चलानी नं. ६०१७४७२५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलब SR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Normal Factor | 4 | 0 | 1200 | ४१,९१५ | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |

कम्पनी : MASARAT ALBON COMPANY

पूर्व स्वीकृति मिति २०७९/०२/२० पुन विज्ञापन स्वीकृति मिति २०७९/०६/२५ LT. No. 264319 चलानी नं. ६०१८०४११

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलब SR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factor | 4 | 0 | 1200 | ४१,९१५ | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |

कम्पनी : EASTERN SATURN EQUIPMENT RENTAL COMPANY

पूर्व स्वीकृति मिति २०७९/०६/२४ LT. No. 272989 चलानी नं. ६०१८८८९१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलब SR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Road maintenance worker | 3 | 0 | 1000 | ३४,९३० | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |

कम्पनी : SALEM MOHAMMED AL BALAWI TRANSPORTATION EST.

पूर्व स्वीकृति मिति २०७९/०६/२४ LT. No. 272866 चलानी नं. ६०१८८८९०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलब SR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Heavy Truck Driver | 10 | 0 | 1900 | ६६,३६५ | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |

कम्पनी : ARABIAN SHADOWS TRADING AND CONTRACTING COMPANY

पूर्व स्वीकृति मिति २०७९/०६/२४ LT. No. 273116 चलानी नं. ६०१८८८९३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलब SR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | General Worker | 5 | 0 | 1000 | ३४,९३० | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०७९ कार्तिक २ गते (19th Oct. 2022) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था:** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क:** १०,०००

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Al Kausar Human Resource Pvt.Ltd. (Makawanpur Overseas Pvt. Ltd.)** श्रम ईजाजत नं.११४२/०७३/०७४

Maharagunj, Kathmandu, Nepal Tel: +977-1-4720450, E-mail : alkausar.nepal@gmail.com


नेपाल सरकार
राष्ट्रिय योजना आयोग
## केन्द्रीय तथ्याङ्क विभाग
थापाथली, काठमाडौं, नेपाल

**प्रस्ताव स्वीकृत गरिएको सूचना**

(सूचना प्रकाशित मिति २०७९/६/२६)

यस विभागबाट मिति २०७९।५।२९ मा प्रकाशित पुराना कागज लिलाम बिक्री गर्नेसम्बन्धी सूचनाअनुसार दर्ता हुन आएका सिलबन्दी प्रस्तावहरुमध्ये सोही सूचनामा तोकिएका योग्यताका आधारहरु पूरा गरी सबैभन्दा बढी दररेट कबोल गर्ने देहायको प्रस्तावदाताको प्रस्ताव मिति २०७९।६।२५ को निर्णयानुसार स्वीकृत गरिएकाले सम्बन्धित सबै प्रस्तावदाताहरुको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ । साथै प्रस्ताव स्वीकृत भएको प्रस्तावदाताले यो सूचना प्रकाशित भएको मितिले सात दिनभित्र सम्झौता गर्न विभागमा आउनु हुन समेत यसै सूचनाद्वारा जानकारी गराइएको छ ।

| सि.नं. | प्रस्ताव संकेत नं. | प्रस्ताव स्वीकृत भएको प्रस्तावदाताको नाम, ठेगाना | प्रति केजी कबोल अंक |
|---|---|---|---|
| १ | 3/CBS/79/80 | श्री गौरव सप्लायर्स, काठमाडौं | रु. ३१/- |


## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : NOURA ABDULLAH ABDULAZIZ AL THUMAIRI CONTRACTING EST

पुर्व स्वीकृति मिति २०७९/०६/२४ LT. No. 273311 चलानी नं. ६०१८८८५७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलब SR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Ordinary Factor | 3 | 0 | 1200 | ४१,९१५ | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०७९ कार्तिक २ गते (19th Oct. 2022) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था:** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क:** १०,०००/-

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Mansur Manpower Pvt.Ltd.** Govt. License 1218/074/075

G.P.O. Box: 473 Sambhu Marg, Airport Manpower Bazar, Kathmandu Nepal
Mobile :9801101714, 9801101713, 9801101710, 9801101712, E-mail: saim.mansur2017@gmail.com, mansur.manpower2017@gmail.com Website: www.mansurmanpower.com

## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : TEKNITEK SERVICES (M) SDN BHD

पूर्व स्वीकृति मिति २०७९/०५/१७ पुन विज्ञापन स्वीकृति मिति २०७९/०६/२५ LT. No. 270856 चलानी नं. ६०१८६८०१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलब RM | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaner | 25 | 0 | 1500 | ४२,१६० | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०७९ कार्तिक २ गते (19th Oct. 2022) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था:** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क:** नि:शुल्क/-

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Jasmine Overseas Pvt. Ltd. (Avinash Int. Overseas Pvt. Ltd.)** श्रम ईजाजत नं.८७४/०६६/०६७

Basundhara, Dhapasi Chauki, Kathmandu,Nepal, Tel : +977-1-4365056, 4387950, 4389279

## कतारमा वैदेशिक रोजगारको अवसर

कम्पनी : YP PACKAGING SDN. BHD.

पूर्व स्वीकृति मिति: २०७९/०६/१५ LT. No. 272751 चलानी नं. ६०१८८९४७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलब RM | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Worker | 20 | 0 | 1500 | ४२,१६० | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०७९ कार्तिक २ गते (19th Oct. 2022) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था:** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क:** नि:शुल्क/-

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Nepal Recruitment Consultancy Pvt. Ltd.** श्रम ईजाजत नं. १००४/०६८/०६९

Sambhu Marg-Airport, Kathmandu, Nepal, Tel.: +977-1-4485647, 4485648

## साउदी अरेबियामा रोजगारको अवसर

कम्पनी: ALAMAR FOODS COMPANY

पूर्व स्वीकृति मिति २०७८/१२/२४ पुन विज्ञापन स्वीकृति मिति : २०७९/०६/२५ LT. No.261108 चलानी नं. ६०१७७४७८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलब SR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Restaurant Worker | 4 | 0 | 1000 | ३४,९३० | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०७९ कार्तिक २ गते (19th Oct. 2022) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था:** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क:** नि:शुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Nasser Outsourcing Consultants Pvt. Ltd.** श्रम ईजाजत नं. ६१९/०६३/०६४

Ratopool-9, Kathmandu, nepal, Tel: +977-1-4465090 (6 Line), Fax: +977-1-4411950, Email: nocnepal@nassers.org

## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : GENETEC TECHNOLOGY BERHAD

पूर्व स्वीकृति मिति २०७९/०६/२४ LT. No. 273011 चलानी नं. ६०१८८९५४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलब RM | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Worker | 25 | 0 | 1500 | ४२,१६० | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०७९ कार्तिक २ गते (19th Oct. 2022) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था:** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क:** नि:शुल्क/-

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Sherpa International Manpower Consultancy Pvt. Ltd.** Govt. License 430/060/061

Koteshwor-32 Kathmandu, Nepal, Tel: +97714361975, Fax: +977 1 4364821

## बहराईनमा वैदेशिक रोजगारको अवसर

कम्पनी : KNR SCAFFOLDING W.L.L

पुर्व स्वीकृति मिति २०७९/०६/१२ LT. No. 272741 चलानी नं. ६०१८८५२५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलब BHD | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Scaffolder | 50 | 0 | 120 | ४१,९२० | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०७९ कार्तिक २ गते (19th Oct. 2022) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था:** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क:** नि:शुल्क/-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरू साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**त्रिकोण ईन्टरनेशनल ओभरसिज प्रा.लि.** श्रम ईजाजत नं. ५५०/०६२/०६३

रानीवारी, सामखुसी, काठमाडौं, नेपाल, फोन नं. ४३८१८३८, ४३५५६०२, ९८०१००४३८४, ९८२६२७५७७०

## कतै उम्मेदवारी...

पृष्ठ १ बाट जारी

कर्मचारीको ज्यान जानेगरी भएको टीकापुर घटनामा दोषी ठहर भएका व्यक्तिले उम्मेदवारी दिएको भन्दै धनगढी-१५ का रामबहादुर सिंहले सोमबार मुख्य निर्वाचन अधिकृतको कार्यालय धनगढीमा थारुविरुद्ध उजुरी दिएका थिए । मुख्य निर्वाचन अधिकृतको कार्यालयले उक्त उजुरीको जवाफ मागेपछि थारुले जवाफ दिएका थिए । उनको जवाफ वारेसनामामार्फत बुँदिलाल चौधरीले मुख्य निर्वाचन अधिकृतको कार्यालयमा पेस गरेका थिए ।

यसैबीच, रुकुम पश्चिम प्रदेशसभा निर्वाचन 'ख'मा नेपाली कांग्रेसका उम्मेदवार प्रेमप्रकाश ओलीको उम्मेदवारी खारेज भएको छ । बैंकिङ कसूरमा उच्च अदालत सुर्खेतबाट दोषी ठहर भई सजाय पाएका ओलीविरुद्ध उम्मेदवार हुन अयोग्य भएको भन्दै सोमबार मुख्य निर्वाचन अधिकृतको कार्यालय रुकुम पश्चिममा उजुरी परेको थियो ।

माओवादी केन्द्रका प्रदेशसभा 'ख' का उम्मेदवार राजकुमार शर्माको तर्फबाट दाबी विरोधको उजुरी परेकोमा छानबिनपछि निर्वाचन आयोगले मंगलबार उम्मेदवारी खारेज गरेको हो । कांग्रेस नेता ओलीमाथि बैंकिङ कसूर मुद्दामा एक महिना कैद र जरिवाना हुने ठहरी फैसला भएको तर ओलीले भुक्तान नगरेकाले अयोग्य रहेको उजुरीमा उल्लेख थियो । गठबन्धनको भागबण्डाअनुसार रुकुम पश्चिम प्रदेशसभा निर्वाचन क्षेत्र नम्बर 'ख' मा कांग्रेस/माओवादी भनेर नै उल्लेख गरेको थियो । सोहीअनुसार दुवै दलको उम्मेदवारी परेको थियो ।

बर्दिया-१ मा नेपाली कांग्रेसको आधिकारिक उम्मेदवार सञ्जय गौतम नै कायम भएका छन् । गठबन्धनबाट कांग्रेसले पाएको सो क्षेत्रमा जिल्ला सभापति अरुणप्रकाश सिंह राठौर र निवर्तमान सांसद सञ्जय गौतमको दोहोरो उम्मेदवारी परेको थियो । राठौर संस्थापन पक्षका हुन् भने गौतम शेखर-गगन पक्षका हुन् । उनी २०७४ सालमा तत्कालीन नेकपा एमालेका उपाध्यक्ष वामदेव गौतमलाई पराजित गरेर चर्चामा आएका थिए ।

**बागी उम्मेदवारी फिर्ता लिन गठबन्धनको निर्देशन**

सत्ता गठबन्धनले बागी उम्मेदवारहरूलाई उम्मेदवारी फिर्ता लिन निर्देशन दिएको छ । गठबन्धनबीच सिट बाँडफाड भएअनुसार नै चुनाव लड्ने निर्णय गर्दै यस्तो निर्देशन दिइएको हो । मंगलबार प्रधानमन्त्री तथा कांग्रेस सभापति शेरबहादुर देउवाको सरकारी निवास बालुवाटारमा बसेको सत्ता गठबन्धनको बैठकले बागी उम्मेदवारी फिर्ता लिन निर्देशन दिने निर्णय गरेको थियो । 'बागी उम्मेदवारहरूले समयमै उम्मेदवारी फिर्ता गर्नुहोला । असोज २६ गतेको १ बजेसम्म फिर्ता नलिए पार्टीबाट निस्कासन गरिनेछ,' बैठकपछि गठबन्धन दलका शीर्ष नेताहरूले हस्ताक्षर गरी जारी गरिएको विज्ञप्तिमा भनिएको छ ।

नेपाली कांग्रेसले पनि छुट्टै विज्ञप्ति जारी गर्दै सत्ता गठबन्धनका उम्मेदवारविरुद्ध बागी वा स्वतन्त्र उम्मेदवारी दिने पार्टीका नेता तथा कार्यकर्तालाई आज बुधबार दिउँसो १ बजेसम्म उम्मेदवारी फिर्ता लिन निर्देशन दिएको छ । केन्द्रीय कार्यालयका मुख्यसचिव कृष्णप्रसाद पौडेलले मंगलबार साँझ विज्ञप्ति जारी गर्दै तोकिएको समयमा उम्मेदवारी फिर्ता नलिएमा बागी उम्मेदवार तथा उनका प्रस्तावक र समर्थक पार्टीबाट स्वतः निष्कासित हुने चेतावनी दिएका छन् ।

राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा)ले पनि पार्टीको आधिकारिक उम्मेदवारविरुद्ध दिइएको उम्मेदवारी फिर्ता लिन निर्देशन दिएको छ ।

आज दिउँसो १ बजेभित्र उम्मेदवारी फिर्ता नगरे पार्टीबाट निष्कासन गरिने राप्रपाका उपाध्यक्ष एवं केन्द्रीय निर्वाचन परिचालन समितिका सहसंयोजक बुद्धिमान तामाङले विज्ञप्तिमार्फत जानकारी दिएका छन् । निर्वाचन आयोगले आज दिउँसो १ बजेभित्र उम्मेदवारी फिर्ता लिन सकिने जनाएको छ ।

## आज १ बजेसम्म उम्मेदवारी फिर्ता

**काठमाडौं (प्रस)**- आगामी मंसिर ४ गते हुने प्रतिनिधिसभा तथा प्रदेशसभा सदस्य निर्वाचनका लागि उम्मेदवारी दिएका उम्मेदवारले आज बुधबार नाम फिर्ता लिन सक्ने छन् । निर्वाचन आयोगले नाम फिर्ता लिन चाहने उम्मेदवारलाई आजको समय तय गरेको हो ।

आयोगका अनुसार आज बिहान १० देखि अपराह्न १ बजेसम्म मुख्य निर्वाचन अधिकृत वा निर्वाचन अधिकृतको कार्यालयमा पुगेर उम्मेदवार वा निजको निर्वाचन प्रतिनिधिले नाम फिर्ता लिन सक्ने छन् । उम्मेदवारले उम्मेदवारी फिर्ता लिएपछि आयोगले बुधबार अपराह्न १ देखि ३ बजेसम्म उम्मेदवारको अन्तिम नामावली प्रकाशन गर्नेछ । बिहीबार अपराह्न ४ देखि साँझ ७ बजेसम्म उम्मेदवारलाई निर्वाचन चिह्न प्रदान गर्ने कार्यक्रम रहेको छ ।

प्रतिनिधिसभातर्फ दुई हजार २९५ पुरुष र २३५ महिलासहित दुई हजार ३० जनाको उम्मेदवारी परेको छ । यस्तै प्रदेशसभातर्फ तीन हजार १७८ पुरुष, २९७ महिला र एक अन्य गरी तीन हजार ४८१ जनाको उम्मेवारी परेको आयोगले जनाएको छ ।

निर्वाचनअन्तर्गत पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली (प्रत्यक्ष) तर्फ आइतबार उम्मेदवारको मनोनयनपत्र दर्ता भएको थियो । सोही दिन बेलुका आयोगले मनोनयनपत्र दर्ता भएको उम्मेदवारको सूची प्रकाशन गरेको थियो ।

सोमबार उम्मेदवारमाथि दाबी विरोधको समय तोकिएको थियो । उक्त अवधिमा परेको दाबी विरोधमाथि छानबिन गरी आयोगले मंगलबार निर्णय गरिसकेको छ । जसमा केही उम्मेदवारको उम्मेदवारी खारेज भएको छ ।

## जलकुम्भी झार सफाइमा जुटे पोखरेली

**लेखनाथ–** पोखराको फेवातालमा जलकुम्भी झार फैलिएपछि मंगलबार बिहानदेखि सरसफाइ अभियान सुरु गरिएको छ । पोखरा महानगरपालिकाका प्रमुख धनराज आचार्यले यहाँका विभिन्न संघ संस्थालाई फेवाताल सरसफाइमा जुट्न आग्रह गर्दै सरसफाइ अभियान सुरु गरिएको हो ।

सरसफाइको पहिलो दिन विभिन्न संघ संस्था, सरकारी कर्मचारी र सुरक्षाकर्मीद्वारा डुंगा तथा अन्य साधनको मद्दतबाट जलकुम्भी झार बाहिर निकाल्ने काम भएको जानकारी महानगरपालिकाका प्रमुख आचार्यले दिए । लगातारको वर्षासँगै तालको सबैजसो भागमा जलकुम्भी फैलिएको छ । बिहान तालको ड्यामसाइटबाट उत्तरतर्फको खहरेसम्म जलकुम्भी झार निकालिएको छ । तालमा झार धेरै भएकाले सबै झार निकाल्न एक हप्ता समय लाग्ने प्रमुख आचार्यको भनाइ छ ।

तालको बीच भागमा अवस्थित तालबाराही मन्दिर दर्शन गर्न जाने स्वदेशी तथा विदेशी पर्यटकलाई जलकुम्भीले अवरोध गर्ने गरेको छ । सो अवसरमा महानगर प्रमुख आचार्यले फेवाताल नेपालीको मात्र नभइ विश्वकै पर्यटकीय सम्पदा भएकाले यसको संरक्षण गर्ने दायित्व सबैको भएको बताए । फेवाताल सरसफाइमा पोखराका ३३ वटै वडाका संघ संस्था, आमा समूह, क्लबलाई सहभागी हुन आग्रह गरिएको छ । आचार्यका अनुसार ३३ वटै वडाका वडाध्यक्षको नेतृत्वमा विभिन्न समूह ताल सरसफाइमा परिचालित हुने छन् ।

फेवातालको दायाँबायाँ नेपाल सरकारले ६५ मिटर मापदण्ड तोकेको भए पनि ती क्षेत्रमा संरचना निर्माण गर्ने कार्य अझै रोकिएको छैन । *रासस*


**मुसिकोट नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
मुसिकोट, रुकुम (पश्चिम)
**कर्णाली प्रदेश, नेपाल**
**मिति: २०७९/०६/२६**

**बोलपत्र स्विकृत गर्ने आशयको सूचना**

उपरोक्त सम्बन्धमा यस कार्यालयबाट सोलार स्ट्रिट लाइट आपूर्ति तथा जडान सम्बन्धी मिति २०७९/०४/१८ गते प्रकाशित सूचना बमोजिम दर्ता हुन आएका बोलपत्रहरू मूल्याङ्कन हुँदा तपसिल बमोजिमको बोलपत्र सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ (१) बमोजिम न्युन मूल्याङ्कित सारभूत रूपमा प्रभावग्राही भई मिति २०७९/०६/०७ गतेको बोलपत्र मूल्याङ्कन समितिको निर्णय अनुसार स्विकृतिका लागि छनौट भई सिफारिश भएकोले ऐनको दफा २७ (२) को प्रयोजनका लागि यो सूचना प्रकाशित गरिएको छ ।

| सि. नं. | कामको विवरण | बोलपत्र संख्या | बोलपत्रदाता | बोल कबोल रकम (मू.अ.कर बाहेक) | ल.ई. भन्दा |
|---|---|---|---|---|---|
| 1. | Supply, Delivery and Installation of Solar Street Light | NCB/MM.Ruk/SL/W.01_079/080 | M/S Cobalt International Pvt. Ltd., Sundhara 11, Kathmandu | 26,80,000.00 | 38.74 % Less |

